# बाँके जिल्ला अदालत

नेपालगंज

प्रशासन शाखा

✆ ०८१-५३१२७०
info.dcbanke@supremecourt.gov.np

## स्वेच्छिक कानूनी सहायता (प्रो बोनो) सम्बन्धी सूचना।

मितिः २०८२।०४।०१

यस अदालतमा सेवा लिन आउने असहाय, अशक्त, नाबालक, आर्थिक रुपमा विपन्न वा थुनामा रहेका मुद्दाका पक्षहरुलाई स्वेच्छिक कानूनी सहायता (प्रो बोनो) सेवा प्रदान गर्ने प्रयोजनार्थ जिल्ला अदालत नियमावली, २०७५ नियम १०४(२) बमोजिम सुची अदालतले तयार गरी राख्नेछ भन्ने ब्यवस्था भएबमोजिम स्वेच्छिक कानूनी सहायता (प्रो बोनो) प्रदान गर्न इच्छुक कानुन ब्यवसायीहरुले यस अदालतमा दरखास्त दिनुहुन मिति २०८२।०३।३२ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ।

शाखा अधिकृत

# बाँके जिल्ला अदालत

नेपालगंज

प्रशासन शाखा

☎ ०८१-५३१२७०
info.dcbanke@supremecourt.gov.np

## मेलमिलापकर्ताको सूची अद्यावधिक गर्ने तथा सूचिकृत गर्ने सम्बन्धी सूचना ।

मितिः २०८२।०४।०१

जिल्ला अदालत नियमावली २०७५ को नियम ४९ (१) र नियम ५० तथा मेलमिलापसम्बन्धी नियमावली २०७० को नियम ९ बमोजिम मेलमिलापकर्ताको सूची अद्यावधिक गर्नुपर्ने भएकाले यस अदालतमा मेलमिलापकर्ताको रुपमा सूचिकृत रहनु भएका मेलमिलापकर्ताहरुले सूची अद्यावधिक गर्न तथा मेलमिलापकर्ताको रुपमा सूचिकृत हुन इच्छुक तोकिएको योग्यता पुगेका ब्यक्तिहरुले मेलमिलाप सम्बन्धी नियमावली २०७० को नियम ४ बमोजिम सोही नियमावलीको अनुसूची-२ को ढाँचामा देहायका उल्लेखित आवश्यक कागजात संलग्न राखी सूचना प्रकाशित भएका मितिले ३० दिनभित्र यस अदालतको मेलमिलाप केन्द्रमा निवेदन दिनुहुन मिति २०८२।०३।३२ को निर्णयानुसार मेलमिलाप सम्बन्धी नियमावली २०७० को नियम ३ र ९ बमोजिम सम्बन्धित सबैका जानकारीका लागि यो एक महिना (३० दिने) सूचना प्रकाशित गरिएको छ।

| (क) आवश्यक कागजातहरु | (ख) न्यूनतम योग्यता |
|---|---|
| १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि<br>३. मेलमिलाप सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपि<br>४. मेलमिलाप सम्बन्धि कार्य गर्ने संस्थाको हकमा परिषदबाट मेलमिलापसम्बन्धी कार्य गर्न दिइएको स्वीकृतीको प्रतिलिपि<br>५. संस्थाको हकमा संस्था दर्ता तथा नविकरण को प्रमाणपत्रको प्रतिलिपि<br>६. मेलमिलापकर्ताको पासपोर्ट साइजको फोटो २ प्रति | १. नेपाली नागरिक<br>२. २५ वर्ष उमेर पुरा भएको<br>३. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा स्नातक तह उतीर्ण गरेको<br>४. मेलमिलाप सम्बन्धी तोकिएको अवधिको तालिम लिएको |

शाखा अधिकृत